




# त्रिविलाई प्रश्न- अङ्ग्रेजीमा अब्बल बन्न नेपाली भाषालाई बेवास्ता गर्नै पर्छ?




थाहा संवाददाता । मंगलबार, वैशाख ८, २०८३




**-कमल पौडेल**

भाषा मानिसले आफ्ना विचार, भावना, अनुभव, इच्छा, जानकारी आदि एक अर्कासँग आदान–प्रदान गर्न प्रयोग गर्ने माध्यम हो। विश्वमा हरेक भाषाका आफ्नै ध्वनि, शब्द, वाक्य, संकेत, लिखित चिह्न वा प्रणालीहरू छन्, जसमार्फत ती हरेक भाषाले आफ्ना समाजका सदस्यसँग सञ्चार गर्दछन् र यसलाई समाजका सदस्यहरूले समेत साझा रूपमा बुझ्छन्।

यसर्थ भाषा केवल सञ्चारको साधन मात्र होइनस यसले त धर्म, संस्कृति, पहिचान, ज्ञान, लगायत सामाजिक सम्बन्धहरूलाई पनि बोकेको हुन्छ। भाषा समाजमा जन्मिन्छ। समाजमै विकास हुन्छ र समाजकै आवश्यकताअनुसार परिवर्तन समेत हुँदै जान्छ। उदाहरणका लागि नेपाली भाषा हाम्रो नेपाली समाजको धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, सोचाइ र जीवनशैलीसँग अत्यन्तै गहिरो रुपमा जोडिएको छ। तर विडम्बना, हाम्रो यही नेपाली राष्ट्रभाषा देशकै जेठो तथा ठूलो त्रिभुवन विश्वविद्यालयको लागि भने टुहुरो भाषा भएको छ।

नेपालको संविधान २०७२ को धारा ३१ 'शिक्षा सम्बन्धी




## राजनीति



रास्वपाको प्रदेश अधिवेशन आजदेखि
थाहा संवाददाता


एक तहमा चुनाव हारे तत्काल उम्मेदवार बन्न नपाइने
थाहा संवाददाता


सडकआश्रित मानव व्यवस्थापनमा राज्य चुक्यो, म पनि जिम्मेवार छु : नारायणकाजी श्रेष्ठ
थाहा संवाददाता


परराष्ट्रमन्त्री खनालसँग जापानी राजदूत माएदाको भेट
थाहा संवाददाता

## समाज




WEATHER UPDATE

मौसम मंगलबार, जेठ २६, २०८३

| Location | Max. (°C) | Min. (°C) | Rain (mm) |
|---|---|---|---|
| Dipayal | 23.2 | 3.4 | 0.0 |
| Dadeldhura | 18.2 | 4.9 | 0.0 |
| Dhangadi | 22.9 | 6.9 | 0.0 |
| Birendranagar | 22.0 | 4.1 | 0.0 |
| Nepalgunj | 22.4 | 6.5 | 0.0 |
| Jumla | 19.6 | -7.2 | 0.0 |
| Ghorahi | 20.3 | 6.0 | 0.0 |
| Pokhara | 18.7 | 5.6 | 0.0 |
| Bhairahawa | 24.0 | 7.6 | 0.0 |
| Simara | 23.4 | 8.6 | 0.0 |
| Kathmandu | 17.3 | 2.0 | 0.0 |
| Okhaldhunga | 13.8 | 4.7 | 0.0 |
| Taplejung | 15.1 | 3.4 | 0.0 |
| Dhankuta | 22.2 | 6.4 | 0.0 |
| Biratnagar | 26.2 | 9.0 | 0.0 |
| Jomsom | 17.0 | -1.8 | 0.0* |
| Dharan | 24.5 | 11.3 | 0.0* |
| Lumle | 13.0 | 5.1 | 0.0* |
| Janakpur | 27.0 | 8.6 | 0.0* |
| Jiri | 15.7 | -3.1 | 0.0* |

हक’ को उपधारा ५ बमोजिम ‘नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ’ भनी स्पष्ट रूपमा लेखिएको छ। यसैगरी २०७२ कै संविधानको धारा ३२ ‘भाषा तथा संस्कृतिको हक’ को उपधारा १ अनुसार ‘प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ’, भनि अर्को संवैधानिक व्यवस्था सुनिश्चित गरिएको छ। यी त भए हाम्रो संविधानमा भएका केही संवैधानिक प्रावधानहरूको प्रमुख अंश।







अब लागौं हाम्रा स्कुल, क्याम्पस, तथा विश्वविद्यालयहरूमा रहेको वास्तविक तीतो यथार्थतर्फ। मैले हाल अध्यापन गर्दै आइरहेको सामुदायिक क्याम्पसको यथार्थ अवस्था भने निकै दयनीय छ। मैले कक्षाकोठामा विद्यार्थीले अङ्ग्रेजी भाषा सुन्न, बोल्न, पढ्न, लेख्न, वा अङ्ग्रेजी भाषाका विषयवस्तुलाई बुझ्न निकै कठिनाइ भोग्नुपरेको देखेको छु। ।

झन् त्यसैमाथि त्रिभुवन विश्वविद्यालयले हरेक वर्षको अन्त्यमा लिने वार्षिक बोर्ड परीक्षामा अंग्रेजीमा मात्रै सोधिने प्रश्नले गर्दा प्रश्न नबुझेर प्रश्नको हल गर्न नसक्दा थप जटिलता पैदा गरेको छ। यद्यपि त्रिभुवन विश्वविद्यालयले शैक्षिक सत्र २०८१/८२ स्नातक प्रथम वर्षमा अध्ययनरत विद्यार्थीहरूलाई प्रश्न अङ्ग्रेजी र नेपाली दुवै माध्यममा सोधेर सकारात्मक शुरुवात गरेको छ। तर पनि यो शुरुवात अझै अपूर्ण रहेको देखिन्छ।

त्रिभुवन विश्वविद्यालयले प्रश्नहरू अङ्ग्रेजी र नेपाली दुवै माध्यममा सोधिने भनी समाचार केही समय सामाजिक सञ्जालमा पनि देखा परे, जसले मजस्ता अध्ययन-अध्यापनरत हजारौं विद्यार्थी तथा शिक्षकहरूलाई खुशी नै बनायो। तर जब गत वर्ष त्रिभुवन विश्वविद्यालयको स्नातक प्रथम वर्षको वार्षिक बोर्ड परीक्षा सुरु भयो, अङ्ग्रेजी र नेपाली माध्यमबाट सोधिने भनिएका प्रश्नहरू त केवल विषयगत प्रश्नहरूको हकमा मात्र लागू भएको देखियो।

शिक्षाशास्त्र संकाय अन्तर्गत सोधिने वस्तुगत प्रश्नहरूको प्रावधान हटाउनु प¥यो वा समयानुकूल यसको औचित्य र महत्त्व पुष्टि हुनेगरी वैश्विक परिवेशलाई ख्याल गरेर आवश्यक परिमार्जन गर्नुपर् यो।। एक त वस्तुगत प्रश्नहरू सोधिने भएकोले शिक्षाशास्त्र संकाय अन्तर्गत आदानप्रदान हुने विषयगत गुणस्तर र दक्षताको चर्को आलोचना हुँदै आइरहेको छ।

अर्कोतर्फ परीक्षा सञ्चालन गरिरहँदा शुरुको २० मिनेट वस्तुगत प्रश्न हल गरिरहँदा विद्यार्थीहरूले हल्ला गर्ने, दायाँबायाँ हेर्ने जस्ता क्रियाकलापले परीक्षाको सञ्चालन र परीक्षाको विश्वसनीय र वस्तुनिष्ठ परीक्षण तथा अङ्कनलाई नै प्रभाव पारिरहेको चुनौती हामी सबैलाई थाहा नै छ। यसले विद्यार्थीले परीक्षामा गरेको



**काठमाडौं महानगरपालिका ‘सडकआश्रित मानवमुक्त’ घोषणा**

सोमबार, जेठ २५, २०८३

**डा. डिल्लीरमण रेग्मी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शान्ति पुरस्कार प्रदान**

**अहिले कस्तो छ बाजुरा र हुम्लाको सीमा विवाद क्षेत्र ?**

**अर्काकी छोरीलाई ‘बुबा’ बनेर नागरिकता दिलाउने मेयरविरुद्ध विशेष अदालतमा मुद्दा**

## लोकप्रिय

१ **हर्क साम्पाङलाई ट्राफिकले गर्‍यो कारबाही**



२ **यी हुन् रविले बोलाएको सर्वदलीय बैठकमा सहभागी हुने नेताहरु**



३ **रविले बोलाएको सर्वदलीय बैठकमा कांग्रेस सभापति थापा नजाने**



४ **मन्त्रालय घटेपछि २३ सचिवको जिम्मेवारी हेरफेर र सरुवा**




५ **५० अर्ब विद्युत् बक्यौतामा कडाइ गर्दै सरकार, तत्काल उठाउन ऊर्जामन्त्रीले दिए निर्देशन**



६ **यस्तो रहनेछ आज बेलुकीदेखि भोलि रातिसम्मको मौसम**



७ **इरानद्वारा इजरायलमा मिसाइल प्रहार, आक्रमण एक हप्ता चल्ने इरानी सेनाको दाबी**



प्रस्तुतिको वास्तविक सिकाई उपलब्धिलाई समेत प्रभावित गर्दै आइरहेको छ भन्ने अर्को आलोचना पनि हामी माझ छँदै छ।

खासगरी शिक्षाशास्त्र संकाय अन्तर्गत त्रिभुवन विश्वविद्यालयले सेमेस्टर तथा वार्षिक प्रणाली दुवै अन्तर्गत विषयगत तथा वस्तुगत गरी दुई किसिमका प्रश्न सोध्ने गरेको छ। एक शैक्षिक सत्रभर नेपालीमा अध्ययन गरेर प्रश्न भने अंग्रेजीमा सोधिंदा विद्यार्थीले आफूले जानेको उत्तर समेत लेख्न नसकी अनुत्तीर्ण भएको नमीठो यथार्थ भोग्दै आइरहेका छन्।

विद्यार्थीहरूले कति बुझ्न सकेमहत्त्वपूर्ण हो वा भाषाको माध्यम?  के भाषाकै कारण विद्यार्थीहरूले कति जानेका छन् वा कति व्यक्त गर्न सक्छन् भन्ने कुरा को मापन हुन कठिनाइ भोग्नुपर्ने हो? यसो भनिरहँदा अहिलेको विश्वव्यापीकरण र आर्टिफिसियल इन्टेलिजेन्सको जमानामा अङ्ग्रेजी भाषालाई उपेक्षा गरियो भनेर बुझ्नु चाहिँ हुँदैन। हाम्रा लागि अंग्रेजी भाषाको अन्तर्राष्ट्रिय महत्त्व निर्विवादित जस्तै नै छ, जुन यूएनका आधिकारिक ६ वटा भाषामध्येको एउटा प्रमुख भाषा पनि हो।

त्यसो भए के अंग्रेजी भाषा सिक्दै गर्दा वा अङ्ग्रेजीमा दक्षता कायम राख्न नेपाली भाषालाई बेवास्ता गर्नैपर्छ? निच ठान्नै पर्छ? नेपाली भाषा प्रयोग गर्नै हुन्न? यदि होइन भने नेपाल सरकार, सरकारका निकायहरू, त्रिभुवन विश्वविद्यालय, अन्य विश्वविद्यालय र सामुदायिक विद्यालयहरूले नेपाली भाषालाई अङ्ग्रेजी र हिन्दी भाषाको बढ्दो प्रभावबीच कसरी बचाइराख्ने भनेर सोच्नु पर्दैन?

अङ्ग्रेजी नबुझेकै कारण शिक्षाशास्त्र संकायका विद्यार्थीले जानेका प्रश्नहरूको उत्तरसमेत नलेखिकन फेल हुनुपर्ने अवस्था अझै कतिसम्म भोग्नुपर्ने हो? सिक्नुपर्ने कुरा नेपाली भाषामा सिक्न नमिल्ने वा नसकिने नै हो र? अनि वस्तुगत प्रश्नलाई अंग्रेजी र नेपाली दुवै भाषामा सोध्न नमिल्ने नै हो? आशा गरौँ हालै सम्पन्न निर्वाचन मार्फत नवगठित बालेन सरकारका माननीय शिक्षामन्त्री  संस्मित पोखरेलज्यूले यो सम्बन्धमा उचित तथा आवश्यक पहलकदमी लिनुहुनेछ।

नयाँ सरकार गठनको एक महिना पुग्दै गर्दा महानगरमा रहँदा महानगरको शिक्षालाई नजिकबाट  नियालेका भनेर बुझिँदै आएका हालका शिक्षामन्त्रीले शिक्षालाई प्राथमिकतामा राखेर  महत्व दिनुहुनेछ भन्ने विश्वास जागेको छ।

पछिल्ला केही अनुसन्धानहरूले पनि कुनै पनि दोस्रो भाषामा पकड कायम राख्न आफ्नो मातृभाषामा दक्षता हुनैपर्ने कुरा  देखाएका छन्। देशकै जेष्ठ अनि ठूलो त्रिभुवन विश्वविद्यालय, जसले अहिले पनि राष्ट्रको करिब ८० प्रतिशत विद्यार्थीको भार धानेको छ, उसले नै नेपाली भाषालाई यसरी उपेक्षा गर्न मिल्छ? हामी भाषा प्रयोगकर्ताहरूको प्रयोगमा आधारित हुन्छ  र समयसँगै परिवर्तित हुँदै जान्छ भनेर पढ्छौँ अनि पढाउँछौँ पनि।

आफ्नो मौलिकता र नेपाली भाषालाई जीवन्त बनाउँदै यसको गरिमा कायम गरिनु पर्छ भनिरहँदा अंग्रेजी भाषालाई पनि उचित ध्यान दिनैपर्छ। तर आफ्नो

मातृभाषा वा नेपाली भाषालाई नै कुल्चेर अंग्रेजी मात्रै प्राथमिकता चाहिँ हुनुहुँदैन। कम्तिमा अहिलेको सरकारले हरेक शैक्षिक निकायमा अंग्रेजी र नेपाली दुवै भाषाको विकल्प कायम राख्नेमा जोड दियोस् भन्ने हाम्रो कामना छ। हाल आवश्यकता अनुसार अङ्ग्रेजी वा नेपालीमध्ये कुनै एउटा भाषा मात्रै व्यक्तिगत वा व्यावसायिक जीवनमा प्रयोगका हिसाबले चुनौतीपूर्ण बनेको हाम्रा अनुभवले देखाइरहेकै छन्।

एसिया महादेशका विकसित देशहरू चीन, जापान, दक्षिण कोरिया लगायत देशहरूले आफ्नै भाषालाई प्राथमिकता दिएर पनि विज्ञान, प्रविधि तथा आर्टिफिसियल इन्टेलिजेन्सका क्षेत्रमा उल्लेखनीय प्रगति गरिरहेकै छन्। तर हामी भने अझै पनि त्रिभुवन विश्वविद्यालयका वार्षिक बोर्ड परीक्षामा वस्तुगत प्रश्नहरू अङ्ग्रेजीमै सोधेर विद्यार्थीलाई तर्साइरहेकै छौं।

अन्त्यमा, विद्यार्थीले बुझ्नु सबैभन्दा महत्त्वपूर्ण हो भन्ने कुरा अहिलेको सरकारले बुझिदियोस्। विद्यार्थीले एकपटक बुझिसकेपछि बुझेको कुरालाई कसरी कुन भाषामा दक्षतापूर्वक व्यक्त गर्ने भन्ने अर्को पाटो हो। त्यसका लागि छुट्टै विधि तथा सिद्धान्त छन्। त्रिभुवन विश्वविद्यालयले नेपाली भाषालाई साँच्चिकै नेपाली भाषाको रूपमा प्रयोग गरोस्। 'डबल स्ट्यान्डर्ड' लिएर विद्यार्थीलाई असफलता झेल्न बाध्य नपारोस्।

*प्रकाशित मिति: मंगलबार, वैशाख ८, २०८३ ११:४६*

## प्रतिक्रिया दिनुहोस्

## थप विचार

**३५ दिन नाघिसक्दा पनि अतिक्रमित संरचना हटेन, अब के गर्छ त्रिवि?**
सोमबार, जेठ २५, २०८३



**एसइई पूरक परीक्षाको नतिजा दुई साताभित्र प्रकाशन गरिने**
शनिबार, जेठ २३, २०८३



**आठ विश्वविद्यालयका लागि उपकुलपतिको 'सर्टलिस्ट' सार्वजनिक**
शुक्रबार, जेठ २२, २०८३



**अध्ययनको नाममा**



विदेशमै लुक्ने प्राध्यापकबाट धमाधम पैसा असुल्दै सरकार

शुक्रबार, जेठ २२, २०८३




**सम्पर्क**

**थाहा खबर प्रा. लि.**

सुमार्गी बी कम्प्लेक्स, बबरमहल- ११, काठमाडौं, नेपाल

**विज्ञापन**

९८४३८२०६०९ (भुवन)

९८५१०६७०२६ (सविन)

**इमेल**

**thahakhabar16@gmail.com**

विज्ञापनका लागि इमेल:

**mkt.thahakhabar@gmail.com**




**thahakhabar.com**


© 2026 thahakhabar.com. All Rights Reserved. Site by: SoftNEP



अध्यक्ष

**अस्मिता सुमार्गी**

सम्पादक

**नरेन्द्र सापकोटा**

सूचना विभाग दर्ता नं.

**२५७७/०७७-७८**


हामीसंग जोडिनुहोस्